**प्रधान कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
**धर्मपथ ,काठमाडौ**

# प्रेस रिलिज्

## वर्दिवासमा नेपाल बैङ्क लिमिटेडको शाखा स्थापना

नेपाल बैङ्क लिमिटेडले प्रदेश नम्बर २ महोत्तरी जिल्लाको वर्दिवासमा शाखा स्थापना गरेको छ । उक्त शाखाको शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखेलले एक विशेष: समारोहका बीच समुद्घाटन गर्नुभयो । सो अवसरमा प्रमुख अतिथि मन्त्री पोखेलले उत्पादनशील क्षेत्रमा लगानी बढाई देशमा उत्पादन रोजगारी र आय अभिवृध्दिमा योगदान बढाउन बैकलाई आग्रह गर्नुभयो । नेपाल बैक लिमिटेड संचालक समितिका अध्यक्ष वासुदेव अधिकारीले बैकले उपलव्ध गराउने व्यावसायिक तथा सहुलियतपूर्ण कर्जा सदुपयोग गरी लाभान्वित हुन स्थानीय उद्यमी ,व्यवसायी तथा सर्वसाधारणलाई आग्रह गर्नुभयो । नेपाल बैक लिमिटेडका का.मु. सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाश कुमार अधिकारीले ऐतिहासिक गरिमा बोकेको नेपाल बैक लिमिटेड आधुनिक बैकिंग सेवा तथा सुविधा सहित यस क्षेत्रको सेवामा आएको वताउनुभयो ।

उक्त कार्यक्रममा वर्दिवास नगरपालिकाका प्रमुख विदुर कुमार कार्की र स्थानीय व्यवसायी राम कुमार गुप्ताले  शुभकामना मन्तव्य दिनुभएको थियो । प्रदेश २ को बैकको प्रादेशिक कार्यालय प्रमुख प्रतिभा डंगोलको सभापतित्वमा सम्पन्न उक्त समुद्घाटन समारोहमा प्रदेश नम्बर २ उच्च अदालतका न्यायाधीश सीताराम मण्डल,वर्दिवास न.पा वडा नम्बर १४ का अध्यक्ष भरत हमाल लगायत उद्यमी ,व्यवसायी तथा सर्वसाधारणको भव्य उपस्थिति थियो ।




(मुकुन्द अर्याल )
प्रेस संयोजक